




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



संकटमा लैङ्गिक हिंसाको रोकथाम: तीनै तहका सरकारले निर्माण गरौं नयाँ आयाम ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❑ वर्ष २२ ❑ अङ्क ११७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २७ गते सोमबार ❑ 10 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## मुख्यमन्त्री गुरुङले दिए राजीनामा

### सरकार गठन गर्न प्रदेश प्रमुखको आव्हान

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ बैशाख**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले पदबाट राजिना दिएका छन् । मुख्यन्त्री गुरुङले गण्डकी प्रदेश प्रमुख सीता पौडेल समक्ष आइतबार पेश गरेका राजीनामा प्रदेश प्रमुख पौडेलले स्वीकृत गरेकी छन् ।



साथै उनले तीन दिनभित्र नयाँ सरकार गठनको लागि आव्हान समेत गरेकी छन् । मुख्यमन्त्री गुरुङले राजीनामा वक्तव्य जारी गर्दै अस्थिरताको वातावरण सृजना भएका कारण मुख्यमन्त्रीको हैसियतले काम गर्ने वातावरण नभएकाले राजिनामा दिएको उल्लेख गरेका छन् । उनले संघीयताको मर्म बमोजिम नेपालको संबिधानको सहज कार्यान्वयन गर्दै प्रदेशको समग्र विकास र समृद्धि तर्फ प्रयत्नरत भइ आफ्नो कार्य सञ्चालन गरिरहेकोमा देशमा स्थिरता नचाहने, विकास विरोधी तत्वहरुको अराजनीतिक चलखेलको कारण हिजोसम्म सहकार्य गरेका र एउटै घोषणापत्र मार्फत निर्बाचनमा गएका दलहरुबाट समेत असहयोग गरेकोले राजिनामा दिएको पुष्ट पारेका हुन् । हालसम्म मुख्यमन्त्री नेतृत्वका मन्त्रिपषिदले गरेका कामका लागि धन्यवाद दिदै प्रदेश प्रमुख पौडेलले अर्को मन्त्रिपरिषदले कार्य संचालन गर्ने र नेपालको संविधानको धारा १६९ को उपधारा ३ बमोजिम मौजुदा मन्त्रिपरिषदले कार्य संचालन गर्ने र नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम ३ दीन भित्र सरकार गठन गर्न आव्हान गरेकी हुन् ।

नेकपा एमाले नेतृत्वमा मुख्यमन्त्री बनेका गुरुङको सरकार विरुद्ध नेपाली कांग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीले वैशाख २ गते २८ जना सांसदको हस्ताक्षर सहित अविश्वासको प्रस्ताव सदनमा दर्ता गरेका थिए । वैशाख २७ गते गण्डकी प्रदेश सभामा अविश्वासको प्रस्ताव उपर केही छलफल पश्चात मतदान हुने कार्यक्रम तय भएपनि मुख्यमन्त्री गुरुङले एक दिन अघि नै राजीनामा दिएका हुन् ।

माओवादी केन्द्र र जनमोर्चाको समर्थनमा मुख्यमन्त्री बनेका गुरुङ उनीहरुले समर्थन फिर्ता लिएसंगै अल्पमतमा पर्ने भएका हुन् । मुख्यमन्त्री गुरुङले नेपालको संविधान धारा १६९ को उपधारा १(क) बमोजिम प्रदेश प्रमुख पौडेल समक्ष मुख्यमन्त्री पदबाट राजीनामा दिएका हुन् ।

## समृद्ध प्रदेश निर्माणको बलियो आधारशीला–मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ बैशाख**

आइतबार राजीनामा दिनुभएका गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकार सञ्चालनको यस अवधिमा समृद्ध प्रदेश निर्माणको बलियो आधारशीला निर्माण भएको बताएकी छ । राजीनामापछि जारी वक्तव्यमा उनले सरकारले प्रतिपक्षी दल समेतलाई विश्वासमा लिई सरकार सञ्चालन गर्ने संस्कारको विकास गरेको उल्लेख गरेकी छन् ।

स्थिरता नचाहनेको अराजनीतिक चलखेलका कारण काम गर्न नसक्ने स्थिति आएको उल्लेख गर्दै उनले स्थिरता नचाहने र विकास विरोधी तत्वको चलखेलका कारण एउटै घोषणापत्रबाट निर्वाचनमा गएको दलले समेत असहयोग गरेकाले काम गर्ने वातावरण नभएको बताएकी छन् ।

प्रदेशमा जनताले नेकपा एमालेलाई ठूलो दलका रूपमा सरकार सञ्चालन गर्ने र नेपाली काँग्रेसलाई प्रतिपक्षमा रहने अभिमत दिएको उल्लेख गर्दै उनले जन अपेक्षाअनुसार व्यवहार नगरिएको वक्तव्यमा जनाए ।

जनताको भावना, आकांक्षा र विश्वासको कदर गरेर नै यो प्रदेशलाई अन्यभन्दा अब्बल, उत्कृष्ट प्रदेश सरकार र प्रभावकारी प्रदेशसभा बनाउन आफूहरू सफल बनेको दाबी गर्दै उनले अन्य प्रदेशलाई समेत कतिपय क्षेत्रमा मार्गदर्शन गरेको उल्लेख गरे । सीमित साधन स्रोत र बजेटका आधारमा प्राप्त गरेका उपलब्धि लोभलाग्दो रहेको भन्दै वक्तव्यमा समृद्ध प्रदेश र सुखी नागरिक बनाउने ध्येयमा पुग्ने गरी दिगो विकास लक्ष्य पूरा गर्न सरकार पक्षधर दल मात्रै नभै प्रतिपक्षी दल समेतको विश्वासमा सहकार्य गरेका धेरै अनुभव रहेको उल्लेख गरेका छन् ।

समृद्ध प्रदेश र सुखी नागरिकको आकाङ्क्षा हासिल गर्न अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन सोचका साथ सरकार अघि बढेको बताउँदै उनले अन्तरराष्ट्रिय प्रतिबद्धता, दिगो विकास लक्ष्य, प्रदेशका नागरिकको विकासको चाहना, जननिर्वाचित प्रतिनिधिमार्फत मुखरित जनभावना, विज्ञ तथा सरोकारवालाले दिएका सुझावलाई सधैँ आत्मसात गर्दै अघि बढेको वक्तव्यमा उल्लेख छ ।

प्रदेशको नामकरण र राजधानी निर्धारण सहमतिमै गरी उदाहरणीय राजनीतिक सन्देश दिइएको उल्लेख गर्दै वक्तव्यमा यस अवधिमा प्रदेश लोक सेवा आयोग, गण्डकी विश्वविद्यालय, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रदेश खेलकुद परिषद, सूचना प्रविधि पार्क, ताल संरक्षण तथा विकास प्राधिकरण, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक प्रतिष्ठान, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान र प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना गरी सञ्चालन गरिएको भनिएको छ । प्रदेश नीति तथा योजना आयोगको गठन गरी योजना तर्जुमा क्षेत्रमा उल्लेख्य काम भएको र योजनावद्ध विकासबाट समृद्धि हासिल गर्न प्रदेशको दीर्घकालीन सोच 'समृद्ध प्रदेश र सुखी नागरिक' सहितको प्रथम पञ्चवर्षीय योजना (आव २०७६/७७-२०८०/८१) कार्यान्वयनमा ल्याइएको उल्लेख छ । सङ्घ, प्रदेश र नीजि क्षेत्रले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## प्रदर्शनी केन्द्रको डोमलाई आइसोलेसन सेण्टर बनाउन पोउवा संघको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ बैशाख**

पोखरा उद्योग वाणिज्य संघले पोखरा-९, नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा आफ्नो व्यवस्थापनमा रहेको 'डोम'लाई आइसोलेसन केन्द्रको रुपमा प्रयोग गर्न दिने निर्णय गरेको छ ।

संघका अध्यक्ष नारायण कोइरालाको अध्यक्षतामा आइतबार बसेको पदाधिकारी बैठकले सो निर्णय गरेको हो । कास्कीको बढ्दो संक्रमण र अस्पतालमा बेडको अभाव हुन थालेकाले सामाजिक उत्तरदायित्वअन्तर्गत संघले सो निर्णय गरेको महासचिव सुरेन्द्रमान विजुक्छेले जानकारी दिए । आवश्यक परे प्रदर्शनी केन्द्रमा रहेको डोमको समुचित उपयोग गरी सो ठाउँलाई आइसोलेसन केन्द्र बनाउन हामी प्रदेश सरकार, पोखरा महानगर तथा स्थानीय प्रशासनसँग अनुरोध गर्दछौं', संघको निर्णयमा भनिएको छ, 'संकटको यो घडीमा नागरिकको ज्यान जोगाउने दायित्वप्रति संवेदनशील हुन हामी सरोकारवाला निकायहरुसँग अनुरोध गर्दछौं ।' पोखरा महानगरको स्वास्थ्य महाशाखाले सोमबार, बिहीबार र शुक्रबार सो प्रदर्शनी केन्द्रमा नागरिकहरुको निःशुल्क स्वाब संकलन र परीक्षण कार्य गरिरहेको छ ।

यसैगरी संघले निषेधाज्ञाका कारण उद्योग/व्यवसाय बन्द भएको स्मरण गराउँदै संकटको यो घडीमा कर्जाको ब्याज मिनाहा गर्न, कर्जाको पुनःतालिकीकरण गर्न तथा थप दण्ड र जरिवाना नलाउने व्यवस्थाको लागि बैंक तथा वित्तीय संस्थाहरुलाई परिपत्र गर्न नेपाल राष्ट्र बैंकसँग अनुरोध पनि गरेको छ । यता संघले 'एफएनसीसीआई अपरेसन कोभिड रिलिफ नेपाल' अभियानअन्तर्गतको हेल्लो डाक्टर अभियानबाट फाइदा लिन उद्योगी/व्यवसायी तथा आम नागरिकसँग अनुरोध गरेको छ । कोभिड संक्रमित भई घर वा आइसोलेसनमा बसेका र चिकित्सकको सल्लाह परामर्श लिन कठिनाई भएकाहरुलाई लक्षित गरी यो अभियान सुरु गरिएको हो ।

हेल्लो डाक्टरमार्फत् परामर्श सेवा दिइने यो अभियानमा भाइवरमार्फत् कोभिड संक्रमित विरामी र डाक्टरबीच प्रत्यक्ष सम्पर्क गराई परामर्श दिइने छ ।

महासंघले पठाएको पत्रको हवाला दिँदै पोउवा संघले गरेको अनुरोध अनुसार यो सेवा लिनको लागि हाम्रा सदस्य महानुभाव तथा आम नागरिकले बिहान ९ बजे देखि १२ बजेसम्म र दिउसो ३ बजेदेखि ६ बजेसम्मका लागि १११११२११११ भाइवर नम्वरमा म्यासेज गरी नाम दर्ता गराउनु पर्नेछ । सोही म्यासेजका आधारमा डाक्टरसँगको परामर्शको समय विरामीलाई पठाइने छ भने त्यसपछि डाक्टरहरूले भिडियो कल मार्फत् विरामीहरूसँग संवाद गरी स्वास्थ्य परामर्श दिनुहुनेछ । म्यासेजमा बिरामीले आफ्नो नाम, उमेर र ठेगाना खुलाउनु पर्ने र यो सेवा निःशुल्क हुने पनि पोउवा संघका महासचिव विजुक्छेले जानकारी दिनुभयो । संघको पदाधिकारी बैठकले संकटको यो घडीमा संयमित बन्न तथा आफू सुरक्षित रहँदै व्यवसाय गर्न आफ्ना सदस्य प्रतिष्ठान तथा आम नागरिकसँग अनुरोध पनि गरेको छ ।

## रोटरी क्लवले गण्डकी अटो मेकानिकलसँगको सहकार्यमा पोखरामा अक्सिजन बैंक स्थापना

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ बैशाख**

कोरोनाको दोश्रो लहरको शंक्रमण दर पोखरा क्षेत्रमा समेत हरेक दिन बढ्दै जादा पोखराका ७ रोटरी क्लवले गण्डकी अटो मेकानिकल वर्कशप एसोसिएसनको सहकार्यमा अक्सिजन बैंक (जीवन आशा) स्थापना भएको छ ।



कार्यक्रम संयोजक मिनु कुंवर श्रेष्ठको अध्यक्षतामा आइतबार पोखरामा बसेको बैठकले पोखरामा अक्सिजन ग्याँसको अभावमा कसैले जीवन विताउन नपरोस भन्दै आफुहरुले अक्सिजन बैंक (जीवन आशा) स्थापना गरेर काम गर्न सुरु गरेको अक्सिजन ग्याँस संकलन तथा व्यबस्थापन समितिका संयोजक अर्जुन खनालले बताए । विभिन्न व्यक्ति तथा कम्पनीहरुसंग रहेका अक्सिजन ग्याँस सिलिण्डर आफुहरुले आजै देखि पोखरा क्षेत्रमा संकलन गर्न थालेको उनले बताए । पछि फिर्ता गर्ने सर्तमा हाल अक्सिजन ग्याँस सिलिण्डर संकलन गर्ने र अत्यावसेक पर्ने पोखरा क्षेत्रका कुनै पनि अस्पतालमा समेत आफुहरुले पुराउने गरी हाल अक्सिजन ग्याँस सिलिण्डर संकलन तथा व्याबस्थापनमा आफुहरु जुट्ेको खनालले बताए ।

उक्त अभियानमा रेडियो अन्नपूर्णले मिडिया पाट्नरको रुपमा काम गर्ने भएको प्रचार संयोजक खनालले जनाए । उनले भने "कोरोनाका गम्भिर बिरामीको लागि अत्यावसेक अक्सिजन ग्याँस हाल सिलिण्डिरको अभावले कसैले पनि मृत्युवरण गर्न नपरोस भन्दै हामीले एउटा अभियान सुरु गरेका छौं यदि तपाईसंग कुनै अक्सिजनको ग्याँस सिलिण्डर छ भने हामीलाई उपलब्ध गराएर कसैको जीवन बनाउने अभियानमा साथ दिनु सक्नु हुन्छ, हामी अपिल गर्न चहान्छौं ।" आपतकालिन अबस्थामा कसैले अनावश्य रुपमा अक्सिजन ग्याँस सिलिण्डर भण्डारण नगर्न खनालले आग्रह गरेका छन् ।

सामाजिक उत्तरदाहित्वको लागि रोटरी अभियान, रोटरी जीवनको आसा अर्न्तगत संचालन गरिएको रोटरी मणिपाल कोभिड–सेन्टर समेत संचालन गरिने भएको अक्सिजन ग्याँस संकलन तथा व्यबस्थापन समितिका संयोजक एवं प्रचार संयोजक समेत रहेका खनालले जनाए । मणिपाल शिक्षण अस्पतालको समेत समन्वयमा अस्पतालमा करिब एक सय शैयाको कोभिड सम्बन्धि सम्पुर्ण उपचार हुने भएको उनले बताए । पोखराका ७ वटा रोटरी क्लवहरु रोटरी क्लव अफ पोखरा, रोटरी क्लव अफ लेकसाइड, रोटरी क्लव अफ न्यूरोड, रोटरी क्लव अफ अन्नपूर्ण, रोटरी क्लव अफ फिस्टेल, रोटरी क्लव अफ मिट टाउन र रोटरी क्लव अफ पोखरा लेखनाथ उक्त अभियानमा जुटेका छन् । आइतबार बसेको बैठकले विभिन्न उपसमितिहरु समेत गठन गरेको हो । अर्थ नियन्त्रण संयोजमा पशुपति शर्मा, अर्थ संकलन समिति संयोजकमा रमेश कोइराला, अक्सिजन ग्याँस सिलिण्डर संकलन तथा व्याबस्थापन एवं प्रचार संयोजकमा अर्जुन खनाल, सहयोग सामाग्रि संकलन तथा वितरण संयोजकमा जितेन्द्र सिग्देल रहेका छन् । महामारीका वेला उक्त अभियानले थोरै भए पनि मलमपट्टीको काम गर्नेमा आफुहरु आशाबादी भएको अभियानका सल्लाहकार विश्वशंकर पालिखेले बताए ।


## ८,८५० संक्रमित, ८८ निधन

**रासस**
**काठमाडौं, २६ बैशाख**

पछिल्लो २४ घण्टामा देशभर कोभिड-१९ का आठ हजार ८५० सङ्क्रमित भेटिएका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आइतबार गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले १८ हजार ७८७ पिसिआर र ६०० एन्टिजेन परीक्षण गरिएको जानकारी दिए । नेपालमा तीन लाख ९४ हजार ६६७ सङ्क्रमित रहेका छन् । देखिएका सङ्क्रमितमध्ये सबभन्दा बढी ३० देखि ३९ वर्ष उमेर समूहका दुई हजार ३८ जना छन् । यस्तै सङ्

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

# निषेधाज्ञामा वृद्धाश्रमको खर्च धान्ने चिन्ता

– वासुदेव पौडेल
पोखरा, २६ बैशाख (रासस)

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसका कारण समाजका हरेक क्षेत्र प्रभावित छन्। यसले ज्येष्ठ नागरिकलाई आश्रय दिँदै आएका वृद्धाश्रममा पनि उत्तिकै प्रभाव पारेको छ । महामारीको रोकथाम तथा नियन्त्रणका लागि सरकारले निषेधाज्ञा जारी गरेको अवस्थामा त अघिपछि आउने दाता पनि नआउने भएपछि दैनिक खर्च धान्न पनि मुस्किल हुने गरेको छ।

दान तथा सहयोग नै आश्रम सञ्चालनको मुख्य आधार रहेको अवस्थामा कोरोनाका कारण गत वर्ष गरिएको लामो समयको बन्दाबन्दीले वृद्धाश्रमहरूलाई प्रभाव पारेको थियो नै यस वर्ष पुनः कोरोना सङ्क्रमणको दोस्रो लहरले सञ्चालकलाई चिन्तित बनाएको छ ।आध्यात्मिक जागरणका साथै सामाजिक सेवामा समेत अग्रणी बन्दै आएको पोखरा महानगरपालिका-३२ लामेआहालस्थित राधाकृष्ण मन्दिर तथा यहाँ सञ्चालित वृद्धाश्रम तथा गुरुकूलको नियमित सञ्चालनमा कोरोना कहरले प्रभावित बनाइहेको राधाकृष्ण मन्दिर व्यवस्थापन समितिका सचिव घनश्याम खनालले बताउनुभयो । आध्यात्मिक जागरणसहित निम्बार्क सम्प्रदायको विस्तार गर्ने लक्ष्यका साथ विसं २०२२ मा स्थापित उक्त मन्दिरमा वृद्धाश्रम तथा गुरुकूल सञ्चालन हुँदै आएको जानकारी दिँदै उहाँले समय-समयमा आउने दाताको सहयोगले नै वृद्धाश्रम तथा गुरुकूल सञ्चालन भइरहेको बताउनुभयो।

मन्दिर स्थापनाको पाँच दशकभन्दा बढी भइसकेको अवस्थामा यहाँको राधाकृष्ण मन्दिरसँगै यसको सक्रियतामा विसं २०६८ देखि वृद्धाश्रम र २०७० देखि गुरुकूल संस्कृत सञ्चालन हुँदै आएका छन् । विसं २०७० मा स्वीकृति प्राप्त गरी २०७१ बाट सञ्चालनमा आएको गुरुकूलमा कक्षा ६ देखि १० सम्मको अध्ययन/अध्यापन हुँदै आएको छ। संस्कृत माध्यमिक विद्यालयको पाठ्यक्रममा आधारित रही पठनपाठन भइरहेको गुरुकूलमा विभिन्न जिल्लाबाट आएका २३ जना विद्यार्थी अध्ययनरत छन् । वृद्धाश्रमसँगै गुरुकूलमा अध्ययनरत विद्यार्थीका लागि नियमित भोजन व्यवस्थापनका लागि दाताहरूको नै भर पर्नुपर्ने अवस्था रहेको भन्दै खनालले कोरोना महामारीको रोकथामका लागि हुने गरेका बन्दाबन्दी तथा निषेधाज्ञाले दैनिकी सञ्चालनमा नै धौधौ हुने गरेको बताउनुभयो।

राधाकृष्ण मन्दिरको आफ्नै इतिहास छ। मन्दिरको पोखरा-३२ लामेआहालमा लगभग ५२ रोपनी जग्गा छ। विसं २०२२ मा तनहुँको शुक्लागण्डकी नगरपालिका-१ सेराबैंसीकी भक्तिनी आमाका रूपमा परिचित हरिप्रिया दासीको सङ्कल्प एवं उहाँका गुरु भगवत् शरण देवाचार्यको सक्रियतामा मन्दिर स्थापना गरिएको हो । इतिहासअनुसार तत्कालीन समयमा मन्दिर स्थापनाका लागि राजा महेन्द्रसँग भेटेर जग्गा उपलब्ध गराउन आग्रह गरिएको र तत्कालीन रुपाकोट गाउँ पञ्चायतबाट जग्गा प्राप्त भएको थियो।

मन्दिर स्थापना भएपछि नेपालका निम्बार्क सम्प्रदायका संस्थापक भगवत्शरण देवाचार्य नै यहाँको पीठाधीश बन्नुभएको थियो । भगवत्शरण देवाचार्य वृन्दावनबाट फर्केपछि विसं २००८ मा स्याङ्जा, पाल्पा र तनहुँको सङ्गम केलादीघाटमा निम्बार्क पीठ स्थापना गरी यस सम्प्रदायको प्रचारप्रसारमा लाग्नुभएको थियो । राधाकृष्ण मन्दिर विसं २०२२ मा स्थापना भए पनि यहाँ वृद्धाश्रमको आवश्यकता महसुस गरी विसं २०६८ देखि सञ्चालनमा ल्याइएको राधाकृष्ण वृद्धाश्रमका अध्यक्ष प्रेम लिगलले जानकारी दिनुभयो । उहाँका अनुसार स्थापनाकालमा १०/१२ ज्येष्ठ नागरिकबाट शुरु गरिएको वृद्धाश्रममा अहिले ५५ जना बस्दै आउनुभएको छ। ज्येष्ठ नागरिकको सुविधालाई दृष्टिगत गरी शौचालय, स्नानगृहसहितका छुट्टाछुट्टै कोठाको व्यवस्था गरिएको उहाँले बताउनुभयो।

"धेरै ज्येष्ठ नागरिक यहाँ आएर बस्नका लागि इच्छुक हुनुहुन्छ तर कोठालगायत अन्य व्यवस्थापन गर्न नसकिने भएकाले सबैलाई राख्न सकेका छैनौँ", उहाँले भन्नुभयो। वृद्धाश्रमका साथै गुरुकूलका विद्यार्थीको आवास तथा भोजन व्यवस्थापनमा मासिक रु डेढ लाखसम्म खर्च हुने गरेको उल्लेख गर्दै उहाँले सम्पूर्ण खर्च दान तथा सहयोगबाटै जुटाइने गरेको बताउनुभयो । कोरोना कहरका कारण हुने गरेका निषेधाज्ञाले दाता आउने क्रम बन्द हुँदा दैनिक कसरी खर्च जुटाउने भन्ने चिन्ता हुने गरेको उहाँको भनाइ छ।

## ८,८५०...

क्रमित निको भई चार हजार २२ घर फर्किएका छन् । अहिलेसम्म तीन लाख दुई हजार ७८७ निको भएर घर फर्किएका छन्। नेपालमा निको हुने दर ७६.७ प्रतिशत छ।

यस्तै सङ्क्रमणबाट ८८ को निधन भएको छ । निधन भएका सङ्क्रमित सङ्ख्या सबभन्दा बढी हो। मन्त्रालयका प्रवक्ता डा गौतमले कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमी) को तथ्याङ्कमा नेपाली सेनाले शव व्यवस्थापन गरेको आधारमा आइतबार निधन हुनेको सङ्ख्या ८८ पुगेको जानकारी दिए । निधन हुनेसँगै नेपालमा अहिलेसम्म तीन हजार ७२० पुगेको छ। यस्तै पाँच सय बढी सङ्क्रमण भएका जिल्ला २६ पुगेका छन् । प्रवक्ता डा गौतमका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, पर्सा, महोत्तरी, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, काभ्रे, मकवानपुर, धादिङ, नुवाकोट, कास्की, गोरखा, दाङ, बाँके, रूपन्देही, पाल्पा, बर्दिया, कपिलवस्तु, सुर्खेत,कैलाली, कञ्चनपुर र वैतडी रहेका छन्।

यसैगरी सङ्क्रमितमध्ये ८३२ सघन उपचार कक्ष (आइसियु) र २६७ जना भेन्टिलेटरमा उपचार गराइरहेका छन्। प्रदेश नं १ मा ११३, प्रदेश नं २ मा ६०, वाग्मती प्रदेशमा ४४३, गण्डकी ६१, लुम्बिनी ८६, कर्णाली ३३ र सूदुरपश्चिम ३६ आइसियुमा रहेका छन्। यस्तै प्रदेश नं १ मा १७, प्रदेश नं २ मा ३७, वाग्मती प्रदेशमा १५७, गण्डकी १३, लुम्बिनी २१, कर्णाली ११ र सूदुरपश्चिम ११ भेन्टिलेटर रहेका छन्।

## समृद्ध ..

कार्यान्वयन गर्ने गरी २३ वटा प्रदेश गौरवका आयोजना निर्धारण गरी प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइएको भन्दै मुख्यमन्त्री गुरुङले प्रदेशभित्र १९५ किमि सडक कालोपत्रे तथा ढलान र ३६४ किमि सडक ग्राभेल गरिएको, ३६ सडक पुलको निर्माण सम्पन्न गरिएको बताए । खानेपानी, झोलुङ्गे पुल, सिंचाइ, विद्युत, नदी नियन्त्रणलगायतका काममा उल्लेख्य प्रगति भएको भन्दै वक्तव्यमा उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ जस्ता कार्यक्रमबाट सर्वसाधारण लाभान्वित बनेको भनिएको छ।

जिल्ला अस्पतालमा शय्या थप गर्नुका साथै सङ्क्रमितको व्यवस्थापनका लागि क्षमता विकास गर्दै कोभिड-१९ सङ्क्रमितको उपचार गर्ने व्यवस्था गरिएको वक्तव्यमा जनाइएको छ । पोखरा महानगरपालिका३३ भरतपोखरीको पशुपतिघाटमा अन्तरराष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माण गर्ने कार्य अगाडि बढ्नुका साथै प्रदेशभित्र एक स्थानीय तह एक खेल मैदानको नीति अनुरूप ५६ गाउँपालिकामा खेलमैदान र २० नगरपालिकामा रङ्गशाला निर्माणमा सहयोग गरिएको भनिएको छ । गण्डकी विश्वविद्यालय ऐन २०७६ बमोजिम गण्डकी विश्वविद्यालय सञ्चालनमा आएको उल्लेख गर्दै वक्तव्यमा पहिलो चरणमा सूचना प्रविधि र चिकित्सा विज्ञान गरी दुई सङ्कायमा पढाइ सञ्चालन गर्ने तयारी गरिएको जनाइएको छ।

पोखरा महानगरपालिका ३३ पूँडीटार र नवलपुरको लोकाहा खोलामा प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाको प्रकृया अगाडि बढाइएको, २३ स्थानीय तहमा उद्योगग्राम स्थापनाको काम अगाडि बढेको र २० स्थानीय तहमा सम्भाव्यता अध्ययन भइरहेको जनाइएको छ।

# अस्पताललाई एघार थान अक्सिजन सिलिन्डर हस्तान्तरण

पोखरापत्र संवाददाता
वालिङ, २६ बैशाख

अटो इन्जिनीयरिङ एसोसिएशन स्याङ्जाले गह्रौं प्राथमिक अस्पताललाई ११ थान अक्सिजनसहितका सिलिन्डर हस्तान्तरण गरेको छ।

विश्वव्यापी महामारीका रूपमा फैलिरहेको नयाँ भेरियन्ट कोभिड-१९ को सङ्क्रमणका कारण अक्सिजनको खपत दैनिक बढेपछि एसोसिएशनले सिलिन्डर हस्तान्तरण गरेको अध्यक्ष राजु तिवारीले बताए । वालिङ नगरपालिकाभित्र रहेका विभिन्न मेटल कम्पनी, वर्कशप, मोटर ग्यारेज, ग्यास वेल्डिङलगायत कम्पनीमा रहेका ११ थान अक्सिजनसहितको सिलिन्डर हस्तान्तरण गरिएको अध्यक्ष तिवारीले बताए । "कोभिड सङ्क्रमितको सङ्ख्या द्रूत गतिमा बढ्दै गइरहेका बेला उपचारका लागि अक्सिजनको अभाव हुन सक्छ", अध्यक्ष तिवारीले भने, "कोही पनि सङ्क्रमितले अक्सिजनको अभावकै कारण ज्यान गुमाउन नपरोस् भन्ने हेतुले सिलिन्डर सङ्कलन गरी अस्पताललाई उपलब्ध गराएका हौं ।" सिलिन्डरको खोजी कार्य भइरहेकाले अझै थप गर्न सकिने उनले बताए । कोभिड-१९ को रोकथाम तथा नियन्त्रण र उपचारका लागि नगरपालिकासँगै अन्य सहयोगी सङ्घसंस्थाको पनि उत्तिकै साथ र सहयोग रहेको नगर उपप्रमुख कल्पना तिवारीले बताइन। उनले महामारीका समयमा रोकथाम तथा नियन्त्रणका साथै उपचारका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने व्यक्ति तथा सङ्घसंस्थालाई आभार व्यक्त गरिन। व्यवसाय बन्द गर्दै अस्पतालमै पुगेर सिलिन्डर हस्तान्तरण गरेकामा नगरपालिकाका स्वास्थ्य शाखाप्रमुख एवं जनस्वास्थ्य निरीक्षक कमलप्रसाद पाण्डेले खुशी व्यक्त गरे। पाण्डेले एसोसिएशनले विपद्का समयमा गरेको सहयोगलाई भुल्न नहुने बताए । उनले प्राप्त सामग्रीको सही सदुपयोग गरी मानवीय जीवन रक्षाका लागि प्रयोग गर्ने प्रतिबद्धता जनाए।

# पार्टी एकताका पक्षमा लाग्न अध्यक्ष ओलीको आह्वान

रासस
काठमाडौं, २६ बैशाख

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई मजबुत पार्दै अघि बढ्ने कार्यमा सबैलाई सरिक हुन आग्रह गर्नुभएको छ । उहाँले बाहिर भ्रम फैलाइएजस्तो र हल्ला चलाइएजस्तो पार्टीले कसैलाई पनि काखापाखा वा पक्षपात नगरेको स्पष्ट गरेका छन्।

अध्यक्ष ओलीले आइतबार जारी गरेको प्रेस वक्तव्यमा भनिएको छ, "म यो कुरामा सबैलाई आश्वस्त पार्न चाहन्छु, तसर्थ पार्टीलाई मजबुत पार्दै अघि बढ्ने महान् कार्यमा सरिक हुन म सबैमा आग्रह गर्दछु।"

प्रधानमन्त्री ओलीले कुनै पनि तहमा पार्टीका सरकारलाई ढालिछाड्ने र विरोधीको दिग्विजय गराएर उत्सव मनाउनेजस्ता घातक र दुःखद् प्रवृत्ति आज पनि देखापरेको र त्यस्ता प्रवृत्ति कुनै हिसाबले उपयुक्त नभएको र हानिकारक भएको बताएका छन्। "के यस्ता क्रियाकलापमा सरिक हुनेलाई इतिहासले माफी गर्ला ?, सोचौँ, भोलि हामी जनतालाई के जवाफ दिन्छौँ ? तसर्थ यस्तो अपराध कर्ममा जानी नजानी कुनै पनि हिसाबले संलग्न नहुन म पार्टी अध्यक्षको हैसियतले सबैलाई हार्दिक आह्वान र आग्रह गर्दछु", वक्तव्यमा भनिएको छ, "यो पार्टी हामीले बनाएको हाम्रो पार्टी हो, यस पार्टीका इमान्दार नेताकार्यकर्ता पार्टीलाई हानि पुग्ने र आन्दोलनलाई क्षति पुऱ्याउने कुनै पनि क्रियाकलापमा संलग्न हुँदैनन् भन्नेमा म विश्वस्त छु।"

"नेकपा(एमाले) राष्ट्रिय राजनीतिको मूल प्रवृत्ति र प्रवाह बनेको छ", वक्तव्यमा भनिएको छ, "जनताको आशा भरोसा र विश्वासको केन्द्रको पार्टी नेकपा (एमाले) लाई अझ सुदृढ र एकताबद्ध बनाउँदै अगाडि बढाउनुपर्ने प्रमुख दायत्वि आजको पुस्ताको हो।"

# मन्त्री बस्नेतलाई पितृ शोक

पोखरापत्र संवाददाता
पोखरा, २६ बैशाख

गण्डकी प्रदेशका भौतिक पुर्वाधार तथा विकास मन्त्री एवं संघिय मामिला तथा कानुन मन्त्री रामशरण बस्नेतलाई पितृ शोक परेको छ।

मन्त्री बस्नेतका ८१ बर्षीय बाबु लिला बहादुर बस्नेतको आइतबार विहान करिब ९:४५ बजे आफ्नै निवास गोर्खा ३ घलाङमा निधन भएको उनको पारिवारीक श्रोतले जनाएको छ । मन्त्री बस्नेतका बाबु उच्च रत्तंचाप, नसा सम्बन्धि समस्याले ग्रसित भएको अबस्थामा मस्तिष्कघातबाट उनको निधन भएको मन्त्रीका स्वकिय सचिव भरत गुरुङले बताए। स्वा. लिला बहादुरको आइतबार स्थानिय दरौदी घाँटमा अन्तेष्टी गरिने भएको उनले जनाए । स्व.लिला बहादुरका एक श्रीमती ३ छोरा र २ छोरीहरु रहेका छन्। यसैबिच मन्त्री बस्नेतलाई पितृशोक परेकोमा गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले शोक व्यत्त गरेका छन्। आइतबार शोक व्यत्तव्य प्रकासित गर्दै सभामुख अधिकारीले मन्त्री बाबुको मृत आत्मको चिर शान्तिको कामना सहित सोक सन्तप्त परिवारजनमा हार्दिक श्रद्धान्जली समेत व्यक्त गरेका छन्।


## स्वस्थ्यकर मासु खाऔं, जीवन बचाऔं

**मासु बारेः**
- याद राखौं ६०% भन्दा बढी मानव रोगहरु पशुपन्छीबाट सर्ने गर्दछ।
- निरोगी पशुपन्छी मात्रै बध गरौं र चिस्यान सुविधा भएको स्वच्छ र सफा मासु पसलबाट मात्रै मासु खरिद गरौं।
- सम्भव भएसम्म बधस्थलमा बध गरिएका पशुपन्छीको मासु मात्रै उपभोग गरौं।
- बध गरेका पशुपन्छीको भित्र्यांश र फोहोर राम्ररी व्यवस्थापन गरौं। वधशालाको फेहोरलाई सीधै पानीको श्रोतमा नफालौं।
- छालासहित भन्दा छालासहित मासु स्वास्थ्यका लागि उपयुक्त हुन्छ भन्ने कुराको हेक्का राखौं।

**माछा बारे :**
- माछामा पाइने Omega-3 fatty acid ले मानसिक विकासमा सहयोग पुऱ्याउनुका साथै anti-ageing का लागि महत्वपूर्ण रसायनको रुपमा प्रयोग गरिन्छ।
- यसमा भिटामिन ए र भिटामिन बी प्रचुर मात्रामा पाइन्छ।
- मुटुका विरामीलेसमेत दैनिक २ पटकसम्म माछाको उपभोग गर्न सक्दछन्।
- माछा खरिद गर्दा सकेसम्म जीवित माछा नै खरिद गर्दा वेश हुन्छ।
- ताजा माछा र बासी माछा छुट्याउने तरिका सबै उपभोक्ताले जानेको बेस हुन्छ।
- ताजा माछाको गिल्स उज्यालो रातो हुन्छ भने बासी माछाको हकमा खैरो र सिंगान लागेको जसतो हुन्छ।
- साथै ताजा माछाको शरीरमा औंलाले थिच्दा गड्दैन भने बासी माछाको हकमा औंला गडेको डाम बस्छ।

**अण्डा बारे :**
- सम्पूर्ण पोषक तत्वको एक प्याकेज अण्डाको नियमित सेवन गरौं।
- प्रोटिन, फ्याट, भटामिन ए, बि, डि तथा फोसफोरस र सेलेनियमको एउटै भरपर्दो स्रोतका रुपमा अण्डालाई लिइन्छ।
- दिनको दुईवटा अण्डा सेवन गर्दा शरीरलाई दैनिक चाहिने झण्डै आधा प्रोटिनको परिपूर्ति हुन्छ।
- बालबृद्ध, गर्भवती, सुत्केरी जस्ता सबै शारीरिक अवस्थाका व्यक्तिका लागि अण्डा सहजै पाच्य प्रोटिनको रुपमा उपलब्ध गराउन सकिन्छ।
- मासु भन्दा सुपथ मूल्यमा उपलब्ध हुने भएकाले दैनिक उपभोग गर्न सकिन्छ।
- प्रोटिनको प्याकेज अण्डा, दैनिक दुईटा खानामा तागत र स्फूर्ति बढ्नेछ सधैं सबैको ज्यानमा।

अनुरोधक
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश, पोखरा




## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ । -चाणक्य

## सम्पादकीय

# मुख्यमन्त्री गुरुङको राजिनामा

देश संघीयता गएको र प्रदेशको अनुभूति गराउने गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले काम गर्ने वातावरण नभएपछि राजीनामा दिएका छन् । २०७४ साल फागुन ४ गते मुख्यमन्त्री नियुक्त भएका गुरुङले ३८ महिनापछि राजिनामा दिएर विपक्षी गठबन्धनलाई सरकार बनाउने बाटो खोलिदिएका छन । गण्डकी प्रदेश सभामा सबैभन्दा ठुलो दल नेकपा एमाले संसदीय दलको नेता चुनिए पछि माओवादी केन्द्रको समर्थनमा मुख्यमन्त्री भएका थिए । चुनावमा एमाले, माओवादी केन्द्र एउटै घोषणापत्र लिएर गएका थिए ।६० सदस्यीय प्रदेश सभामा एमालेले २७ सिट, माओवादी केन्द्रले १२ सिट जितेका थिए । बाम्लुडमा एमाले र माओवादी केन्द्रले जनमोर्चासंग तालमेल गरेकै कारण ३ सिट जनमोर्चाले जित्न सकेको थियो ।

बामपंथीको दुई तिहाई सिट जितेर बनेको गुरुङ नेतृत्वको सरकारले अधिकार प्राप्तिको मोर्चाको अगुवाइ गरेको थियो । संघीय सरकारसंग आँखा जुधाएर कुरा गर्ने सरकारलाई विस्थापित गर्ने कामको अगुवाइ काङ्ग्रेस ,माओवादी र जसपाले गरे । संघीयताको विरोध गर्ने जनमोर्चाको केन्द्रीय नेतृत्वले काङ्ग्रेस नेतृत्वमा जाने पक्षमा उभिएको कारण गुरुङले राजिनामा दिन बाध्य भएका हुन । सरकार सञ्चालनमा हिजोका सहयात्रीले प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशमा राजिनामा दिनुपर्ने अबस्थामा पुऱ्याएका हुन।मुख्यमन्त्री गुरुङले कसैको पनि सहयोग नपाएका कारण राजीनामा दिएको उल्लेख गरेका छन । आइतबार प्रदेश प्रमुख सीता पौडेलसमक्ष संविधानको धारा १६९ को उपधारा १ (क) बमोजिम गुरुङले राजीनामा बुझाएका थिए । गुरुङ नेतृत्वमा मन्त्रिपरिषद्ले गरेका कामको धन्यवाद दिँदै प्रदेश प्रमुखले संविधानको धारा १६९ को उपधारा (३) बमोजिम मौजुदा मन्त्रिपरिषद्ले कार्य संचालन गर्ने बताएकि छन् । सविधानको धारा १६८ को उपधारा (२) बमोजिम ३ दिनभित्र नयाँ सरकार गठन गर्नसमेत उनले आह्वान गरेकि छन् ।

राजिनामा पत्रमा एमाले ठूलो दलको रुपमा रहेर सरकार चलाउने, कांग्रेस प्रतिपक्ष हुने गरी जनताले दिएको मत पूरा गर्न नसकेको बताउँदै एउटै चुनावी मोर्चा, साझा घोषणपत्रबाट विजयी भइ सरकारमा बस्ने र पछि असहयोग गरेको प्रति उनले दुःख व्यक्त गरेका छन् । उनले यसको उत्तर जनताले नै दिने बताएका छन् । उनले भनेका छन्, 'संघीयताको मर्म बमोजिम संविधानको सहज कार्यान्वयन गर्दै प्रदेशको समग्र विकास र समृद्धितर्फ प्रयत्नरत भइ आफ्नो कार्य सञ्चालन गरिरहेको बेला देशमा स्थिरता नचाहने, विकास विरोधीतत्वहरुको अराजनीतिक चलखेलको कारण हिजोसम्म सहकार्य गरेका र एउटै घोषणापत्र मार्फत निर्वाचनमा गएका दलबाट समेत असहयोग र अस्थिरताको वातावरण सृजना भएका कारण मुख्यमन्त्रीको हैसियतले काम गर्ने वातावरण नभएपछि संविधानको धारा १६९ को उपधारा १ (क) बमोजिम राजीनामा दिएको उल्लेख गरेका छन ।'

राजीनामा दिँदै मुख्यमन्त्री गुरुङले गण्डकी प्रदेशका जनताको भावना, आकांक्षा र विश्वासको कदर गरेर देशकै अब्बल र उत्कृष्ट प्रदेश बनाउन सफल भएको बताएका छन् । सीमित साधन स्रोत र बजेटका बाबजुद प्राप्त उपलब्धि लोभलाग्दा रहेको उनको तर्क छ । जति दिन मुख्यमन्त्री रहे सधैं केन्द्रको संघीयता विरोधी रवैयाको विरोध गरे । प्रदेश सरकार छन र तिनले जनताको भावना बुझेर चल्छन् भन्ने सन्देश दिएका छन । संसदीय अभ्यासमा अंकगणितका कारण बहुमत पुऱ्याउन अनावश्यक चलखेल र तिगडम गर्नु भन्दा राजिनामा दिन उपयुक्त ठानेका छन । विपक्षीले ल्याएको अविश्वासको प्रस्तावको मतदान गर्नु अगावै राजिनामा दिएपछि त्यसको सान्दर्भिकता सकिएको छायश अघि मतदानको दिनमा जनमोर्चाका सांसद खिमविक्रम शाही अनुपस्थित भएको वाहना वनाएर सभामुख नेत्रनाथ अधिकारीले बैठक अनिश्चितकालका लागि स्थगित गरेका थिए । सभामुखको पदीय जिम्मेवारी विपरीत कार्य गरेकोमा आलोचना पनि भयो । सभामुखले विपक्षी गठबन्धनलाई लगाएको गुन संघीयताको पक्षपोषण गर्ने गुरुङको विस्थापन हो । चारैतिर फर्केका दलको गठबन्धनको सरकार बन्न दिन गुरुङले सहज बनाईदिएका छन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारिरीक झमेला | धनु | : आर्थिक समस्या |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : मन चञ्चल |
| सिंह | : मानसिक तनाव | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६,जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तनहुँमा १०० शैयाको आइसोलेशन कक्ष स्थापना

पोखरापत्र संवाददाता

तनहुँ, २६ बैशाख

कोरोना भाइरसको नयाँ भेरियन्ट शुरु भएसँगै तनहुँका १० पालिकामध्ये सात पालिकाले १०० शय्या क्षमताको आइसोलेसन कक्ष स्थापना गरेका छन् ।कोरोना सङ्क्रमितलाई सुरक्षित स्थानमा राखेर उपचार गर्नका लागि तनहुँका अधिकांश पालिकाले व्यवस्थित आइसोलेशन कक्ष स्थापना गरेका हुन् ।

जिल्लाको शुक्लागण्डकी नगरपालिकाले दुई स्थानमा गरी ६५ शय्याको आइसोलेशन कक्ष निर्माण गरेको नगरउपप्रमुख सविता रसाइलीले जानकारी दिनुभयो । नगरपालिका क्षेत्रमा अहिले कोरोना सङ्क्रमितको सङ्ख्या न्यून रहेकाले आवश्यक देखिए क्षमता वृद्धि गर्दै जाने योजना रहेको उहाँले बताउनुभयो ।

ऋषिङगाउँपालिकाले १०, म्याग्दे गाउँपालिका, भिमाद नगरपालिका,देवघाट गाउँपालिका, घिरिङ गाउँपालिका र आँबुखैरेनी गाउँपालिकाले पाँच/पाँच शय्याको आइसोलेशन कक्ष स्थापना गरेको बताएको छन् ।

व्यासनगरपालिका, भानुनगरपालिका र बन्दिपुर गाउँपालिकाले आइसोलेशन कक्ष निर्माण गरेका छैनन् । व्यास-१ कराङकाठस्थित क्षत्री समाजको भवनमा ६३ जना क्षमताको क्वारेन्टिन कक्ष निर्माण गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले बताउनुभयो ।नगरपालिकाका १४ वटै वडामा रहेका आमा समूह,सामुदायिक भवन र खाली जग्गामा आइसोलेशन कक्ष निर्माण गर्न नगरपालिकाले निर्देशन गरिसकेको उहाँले जानकारी दिनुभयो । भानुनगरपालिकाले गत वर्ष शारदा लोहनी विद्यालयमा २५ शय्या क्षमताको क्वारेन्टिन बनाएकाले अहिले पनि त्यसैलाई कायम गर्ने गरी प्रक्रिया अघि बढाउन लागेको नगर उपप्रमुख आशा थापाले जानकारी दिनुभयो । पालिकाभित्र कोरोना सङ्क्रमितको सङ्ख्या वृद्धि हुँदै गएको अवस्थामा तत्काले आइसोलेशन कक्ष स्थापना गर्ने तयारीमा रहेको उहाँले बताउनुभयो ।

बन्दिपुर गाउँपालिकाले आइसोलेसन कक्ष निर्माणका लागि प्रक्रिया अघि बढाएको जनाएको छ । गाउँपालिकाभित्र सचेतनामूलक कार्यक्रमलाई तीव्रता दिँदै आएको गाउँपालिकाका अध्यक्ष पुर्णसिं थापाले जानकारी दिनुभयो । देवघाट गाउँपालिकाले प्रत्येक नाकामा हेल्थ डेस्क राखेर उच्च सर्तकता अपनाउँदै आएको छ । एम्बुलेन्स भाडामा लिएर तयारी अवस्थामा राखिएको र प्रत्येक सामुदायिक वनको पैसाले बिरामी ओसारपसार गर्दा लाग्ने भाडा बेहोर्नुपर्ने निर्णय गरिएको छ । गाउँपालिकाभित्र रहेका माध्यमिक तह र स्वास्थ्य चौकीलाई आइसोलेसन कक्ष बनाउने योजना रहेको गाउँपालिकाका अध्यक्ष दुर्गाबहादुर थापाले बताउनुभयो ।

# अत्यावश्यक परिस्थितिमा नगरपालिकाको सवारी सञ्चालन गरिने

पोखरापत्र संवाददाता

तनहुँ, २६ बैशाख

व्यास नगरपालिकाले कोभिड सङ्कटको घडीमा अत्यावश्यक परिस्थितिमा नगरपालिकाका सवारी साधन परिचालन गर्ने प्रस्ट पारेको छ ।

कतिपय जिल्लामा कोभिडका बिरामीले एम्बुलेन्ससलगायत सवारी साधन नपाएको समाचार आइरहेका बेला नगरपालिकाले उक्त कुरा प्रस्ट पारेको हो । हाल आवश्यक सेवाका लागि उद्योग वाणिज्य सङ्घ दमौली बजार एकाइढ नगरपालिकालाई हस्तान्तरण भएको एम्बुलेन्स सञ्चालनमा रहेको नगरपालिकाले जनाएको छ । नगरप्रमुख वैकुण्ठ न्यौपानेले आज विज्ञप्ति जारी गरी अत्यावश्यक अवस्थामा नगरपालिकाका अन्य सवारी साधन पनि परिचालन गरिने बताउनुभयो ।

नगरपालिकाले आफ्नै एम्बुलेन्स खरीदका लागि यसअघि नै प्रक्रिया अगाडि बढाए पनि ढिलाइ भएको छ । नगरपालिकाले सिप्रदीसँग रु १२ लाख ९५ हजारको सम्झौता गरी गत फागुन १३ गते रकम दाखिला गरिसकेर चैत मसान्तसम्म एम्बुलेन्स हस्तान्तरण गर्ने भनिए पनि हालसम्म एम्बुलेन्स नआएको न्यौपानेले जानकारी दिनुभयो ।

साथै व्यासका वडा नं ९, १० र १४ मा थप एम्बुलेन्स खरीदको प्रक्रिया अगाडि बढिरहेको न्यौपानेले जानकारी दिनुभयो । अक्सिजनको अभाव रहेको, कोभिड-१९ का कारण जनप्रतिनिधिसमेत आम नागरिकको दिनानुदिन मृत्यु भइरहेको, अधिकांश अस्पताल बिरामीले भरिएका, उपचार अभावमा नागरिकले अकालमै ज्यान गुमाउनु परेकाले यो जोखिमपूर्ण अवस्थामा उच्च सतर्कता अपनाउन नगरवासीलाई आग्रह गरिएको छ ।

# जारी छ 'एक पत्रकार एक ल्यापटप अभियान'

पोखरापत्र संवाददाता

बागलुङ, २६ बैशाख

पत्रकार महासङ्घ बागलुङ शाखाले शुरुआत गरेको 'एक पत्रकार एक ल्यापटप' अभियानमा सहयोग जुट्न थालेको छ । शाखाले विश्व प्रेस स्वतन्त्रता दिवसका अवसर पारेर सोमबारदेखि शुरु गरेको अभियानमा केही ल्यापटप खरीदका लागि केही सहयोग जुटेको शाखाका अध्यक्ष नरेश कँडेलले जानकारी दिनुभयो ।

अभियानमा हालसम्म पाँच ल्यापटपका लागि रकम जुटिसकेको उहाँले थप २० जनाले ल्यापटप खरीदका लागि रकम प्रदान गर्ने प्रतिबद्धता जनाउनुभएको बताउनुभयो ।

"नयाँ नेतृत्वले ल्याएको एक पत्रकार एक ल्यापटप अभियानलाई विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा शुभारम्भ गरी शाखाको स्थापना दिवसका अवसरमा आगामी असार २५ गते पत्रकारलाई ल्यापटप प्रदान गर्ने छ", उहाँले भन्नुभयो, "ल्यापटप वितरणका लागि कार्यविधि तयार गरी आवश्यकता र क्रियाशीलताका आधारमा ल्यापटप प्रदान गरिन्छ ।" अभियान तीन वर्षसम्म चलाइने र अभियानको कूल खर्च रु ७० लाख रहेको छ ।

'घर पछिको रहर : सही सूचना प्रविधियुक्त हात, हरेक पत्रकार ल्यापटपका साथ' अभियानको औपचारिक शुभारम्भ भएसँगै करीब पाँच पत्रकारलाई ल्यापटप प्रदान गर्न सकिने आर्थिक सङ्कलन भएको छ । पत्रकार महासङ्घले यसअघि 'हामी सबैको रहरः पत्रकार महासङ्घको घर' सञ्चालन गरी भण्डै रु एक करोड २० लाख लागतमा बागलुङ बजारमा आफ्नै सुविधा सम्पन्न भवन निर्माण गरिसकेको छ ।

कोभिड-१९ को दोस्रो लहरका बारेमा समाचार सम्प्रेषण गर्दा सावधानीपूर्वक प्रविधिको प्रयोग गर्दा सहज हुने भएकाले एक पत्रकार एक ल्यापटप अभियान चलाइएको छ ।

पत्रकारलाई प्रविधिले निकै खर्चिलो बनाउँदै लगेका कारण पत्रकार महासङ्घले पत्रकार हरूलाई प्रविधि मैत्री बनाउने अन्य उपकरणसमेत प्रदान गर्ने लक्ष्य राखेको छ । पत्रकारलाई क्यामेरा, ल्यापटप, कम्प्युटर, हार्ड डिक्स, मेमोरी कार्ड, मोबाइल वाइफाइ, इन्टरनेट तथा पेनड्राइभ अति आवश्यक वस्तु भए पनि कतिपय पत्रकारहरूले आर्थिक अवस्था कमजोर र न्यूनतम पारिश्रमिक नपाउँदा खरीद गर्न समस्या हुने गरेको छ । अभियानको शुरु भइसकेपछि पूर्वअध्यक्ष नारायणदत्त कँडेल, पूर्वअध्यक्ष तथा ढोरपाटन दैनिकका सम्पादक हरिनारायण गौतम, पत्रकार महासङ्घ धौलागिरि शाखाका पूर्वउपाध्यक्ष दीपक गौतम र पत्रकार महासङ्घका साधारण सदस्य श्रीधर कँडेलले रु ५० हजारका दरले रकम सहयोग गरेको शाखाले जनाएको छ ।

यस्तै शाखाको अध्यक्ष कँडेलले आफूलाई कोरोना बीमाबापत आएको रकममध्ये रु ५५ हजार ५५५ एक पत्रकार एक ल्यापटप अभियानमा सहयोग गर्नुभएको छ । उहाँका अुसार रोजगारीका लागि विभिन्न देशमा रहनुभएका शुभेच्छु तथा व्यावसायिक व्यक्तिहरू झण्डै २० जनाले ल्यापटप खरीदका लागि रकम पठाउने प्रतिबद्धता जनाएका छन् ।

# १५ जनाभन्दा बढी भए तत्काल स्वाब संकलन

पोखरापत्र संवाददाता

तनहुँ, २६ बैशाख

नगरपालिकाले हप्ताको दुई दिन सोमबार र बिहीबार स्वाब सङ्कलनको व्यवस्था मिलाउँदै आएको छ ।

पन्ध्र जनाभन्दा बढी भएमा तत्कालै स्वाब सङ्कलनको व्यवस्था मिलाइने नगरपालिकाले जनाएको छ । यसअघि नगरपालिकाले सोमबार मात्रै स्वाब सङ्कलन गर्ने गरे पनि सङ्क्रमणको दर बढ्दै गएपछि हप्ताको दुई दिन बनाएको थियो । हाल सो नगरपालिकामा ४९ सक्रिय सङ्क्रमित छन् भने आठजना सङ्क्रमणमुक्त भएका छन् । सक्रिय सङ्क्रमितलाई बारम्बार सम्बन्धित वडाका लागि फोकल पर्सनका रुपमा जिम्मेवारी तोकिएका स्वास्थ्य सेवाका कर्मचारीले निगरानी गर्ने व्यवस्था मिलाइने नगरपालिकाका स्वास्थ्य शाखाप्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो । जटिल प्रकृतिका बिरामीलाई निःशुल्क रूपमा अस्पतालसम्म लैजाने व्यवस्था पनि नगरपालिकाले मिलाएको छ ।

# प्रत्येक वडामा फोकल पर्सन तोकियो

पोखरापत्र संवाददाता

तनहुँ, २६ बैशाख

नगरपालिकाले प्रत्येक वडाका लागि फोकल पर्सन तोकेको छ । वडाका सक्रिय सङ्क्रमितको सुविधाका लागि नगरपालिकाले १४ वटै वडामा फोकल पर्सन तोकेको हो । वडा नं १ मा उषा हड्खले, २ मा सुनिल अधिकारी, ३ मा रक्षा काफ्ले, ४ मा सरोज मिश्र, ५ मा उज्ज्वल न्यौपाने, ६ मा रामबहादुर गुरुङ, ७ मा मीना लौडारी, ८ मा पूजा सोती, ९ मा देवीन्द्र कार्की, १० मा सरिता बोटे, ११ मा मिलन सुर्खाली, १२ मा हरिशचन्द्र न्यौपाने, १३ मा सागर तिवारी र १४ मा पप्पु पङ्कज यादवलाई फोकल पर्सन तोकिएको छ ।

# योगाभ्यास र गुर्जो खोज्दै सर्वसाधारण

पोखरापत्र संवाददाता

बागलुङ, २६ बैशाख

"अम्बाको पात त हामीसँग प्रशस्तै छ नि ! तातोपानीमा हलुका नुन, काँचो बेसार मिसाएर कुल्ला गर्दा त्यसको फाइदा धेरै हुन्छ ", धौलागिरी आयुर्वेद औषधालयका प्रमुख सरोजकुमार रायले कुरा गर्दै भन्नुभयो, "हामीसँग प्रशस्त जडिबुटी छन्, प्रमाणित औषधि त होइनन् तर प्रतिरक्षात्मक काम गर्छन् भन्ने कुरा प्रयोगले सिद्ध गरेको छ ।" बेलौंतीको पात खस्रो गुण भएको हुन्छ । कोरोना भाइरसको बासस्थान ऱ्यालमा हुन्छ । खस्रो गुण भएको बेलौंतीले कुल्ला गर्नाले मुख, नाक वा घाँटीमा भाइरसको बासस्थान रहेका ठाउँहरू नष्ट गर्न सहयोग पुग्ने भएकाले यो उपयोगी रहेको उहाँ जिकिर गर्नुहुन्छ ।

"कुल्ला गर्नु गाइडलाइनले पनि भनेको छ", उहाँले भन्नुभयो "बासस्थान मास्न सके भाइरसले थप असर गर्दैन ।" आयुर्वेदले शास्त्रीय औषधिहरूको प्रयोग गर्छ । सयौं वर्षदेखि प्रयोगमा रहेका औषधिहरूको खोजी महामारीको समयमा धेरै हुने गरेको दमेक आयुर्वेद औषधालय जैमिनी नगरपालिका २, दमेकका प्रमुख डा. लक्ष्मी प्रसाद शर्माले बताउनुभयो । कोरोना फैलिँदै गर्दा बागलुङमा आयुर्वेदिक चिकित्सा विधिमा सर्वसाधारणको चासो बढेको छ । बागलुङ बजार, दमेक, जैमिनीको बेलबगर, काठेखोला गाउँपालिकाको बिहुँ र ढोरपाटन नगरपालिकाको बुर्तिबाङमा रहेको औषधालयमा सर्वसाधारण आयुर्वेदिक औषधि र सल्लाहका लागि पुग्ने गरेका छन् । "गुर्जोको निकै प्रचार भयो, खोज्न आउनेहरू धेरै भए", डा. उहाँ भन्नुहुन्छ "हामीले प्रतिरक्षात्मक क्षमता बढाउने उपाय र औषधिहरू दिने गरेका छौं ।" दमेक आयुर्वेद औषधालयले स्थानीय स्तरमै गुर्जोको खोजी र वितरण समेत गर्ने गरेको छ । जैमिनीका अधिकांश ठाउँमा बस्ती नजिकैका जंगलमा गुर्जो पाइन्छ । शास्त्रीय औषधिलाई विभिन्न २० गुणमा विभाजन गरिएको छ । आयुर्वेदका २० गुणमध्ये रुक्ष गुण भएका औषधिहरूको प्रयोग बढाउँदा भाइरसको संक्रमण रोकथाममा सहयोग पुग्ने शर्मा बताउनुहुन्छ । असोकागन्धा चुर्ण, एसपी मधु, गुर्जोलगायतका औषधिय गुण भएका जडिबुटीहरू औषधालयले उपलब्ध गराउँछन् । यो औषधालयले अन्य रोगहरूका लागि उपयोगी हुने झण्डै १ सय २० प्रकारका शास्त्रीय औषधि उत्पादन समेत गर्ने गरेको छ ।

# रोकिएन महिला तथा बालबालिका हराउने क्रम

पोखरापत्र संवाददाता

लमजुङ, २६ बैशाख

जिल्लामा महिला तथा बालबालिका हराउनेको सङ्ख्यामा वृद्धि भएको छ । महिला तथा बालबालिका हराउनुमा बैदेशिक रोजगार, अन्तरजातीय प्रेम, सामाजिक सञ्जालको प्रयोग, गलत साथीको संगत, घर झगडा, प्रेममा धोका लगायतका कारणले हराउनेका संख्यामा वृद्धि हुन थालेको हो ।

चालू आर्थिक वर्ष २०७७/२०७८ को साउनदेखि चैत मसान्तसम्ममा ७० जना महिला,बालबालिका र ज्येष्ठ नागरिक हराएको जिल्ला प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ । जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र लमजुङका प्रमुख नन्दकुमारी अधिकारीका अनुसार हराएकामध्ये २९ जना महिला, एक बालक, नौ बालिका र दुई ज्येष्ठ नागरिक फेला परेका छन् । त्यस्तै, अझै २४ महिला र पाँच बालिका भेटिएको छैन । फेला नपरेका ती महिला तथा बालिकाहरूको प्रहरीले खोजी जारी राखेको यस सेवा केन्द्र प्रमुख अधिकारीको भनाइ छ । त्यस्तै गत आर्थिक वर्ष २०७६/२०७७ को साउनदेखि असार मसान्तसम्मको एक वर्षको अवधिमा ८६ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक हराएका थिए । ती मध्ये ६४ महिला, १६ बालिका, तीन/तीन बालक तथा ज्येष्ठ नागरिक रहेको प्रहरीले जनाएको छ ।

त्यस्तै,ती हराएकामध्ये ४२ महिला, १४ बालिका, तीन बालक र दई ज्येष्ठ नागरिक फेला परेका छन् । हराएकामध्ये अझै २२ महिला, २ दुई बालिका र एक ज्येष्ठ नागरिक बेपत्ता रहेको प्रहरीको भनाइ छ । आर्थिक वर्ष २०७५/२०७६ मा एकसयचार महिला तथा बालबालिका हराएका थिए । यीमध्ये ७२ महिला, छ बालक, २६ बालिका रहेका छन् । ती मध्ये ५४ महिला, ४ बालक र २२ बालिका फेला परेको प्रहरीले जनाएको छ । त्यस्तै, १८ महिला, दुई बालक र चार बालिका हराएका छन् ।

त्यस्तै, आर्थिक वर्ष २०७४/२०७५ मा ८० जना महिला तथा बालबालिका हराएको प्रहरीको तथ्यांकमा रहेको छ । यीमध्ये ५० महिला, १२ बालक र १८ बालिका रहेका छन् । त्यस्तै, २३ महिला, छ बालक र छ बालिका फेला परेका थिए भने, २७ महिला, छ बालक र १२ बालिका भने भेटिएको छैन । त्यस्तै आर्थिक वर्ष २०७३/२०७४ मा ७० महिला तथा बालबालिका रहेको थियो । त्यस्तै सो अवधिमा २३ महिला १२ बालक र १८ बालिका रहेका छन् । तीमध्ये २२ महिला, १२ बालक र छ बालिका फेला परेको प्रहरीको तथ्यांकमा रहेको छ ।

प्रहरी तथा सम्बन्धित निकायले महिला तथा बालबालिका र ज्येष्ठ नागरिक हराउने संख्या न्यूनिकरण गर्नका लागि विभिन्न रोकथामका प्रयास, सचेतनामूलक कार्यक्रम गरेपनि कमी आउन नसकेको प्रहरीले जनाएको छ । यसका लागि समाजका नागरिक नै शिक्षित भएर सचेतना फैलाउने र आफ्ना परिवारका सदस्य र समाजका आफन्त तथा छिमेकीहरूको रेखदेख राम्रोसँग गर्न सकेमा यसरी हराउने संख्यामा कमी आउने केन्द्रका प्रमुख अधिकारीको भनाइ छ ।

# कोरोना अस्पताल पुनःसञ्चालन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ बैशाख**

म्याग्दीका स्थानीय तहहरूले कोरोना अस्पताल पुनःसञ्चालन गर्न थालेका छन् । गत कात्तिक/मङ्सिर महिनामा स्थानीय तहहरूले स्थापना गरेको आइसोलेशन र कोरोना अस्पताल कोरोना सङ्क्रमित नभएका र नियुक्त गरिएका स्वास्थ्यकर्मीको करार म्याद सकिएपछि बन्द भएका थिए।

दोस्रो लहरको कोरोना सङ्क्रमण फैलिन थालेपछि बन्द भएका कोरोना अस्पताल र आइसोलेशनमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन गरेर पुनः सञ्चालन गर्न थालेका हुन् । बेनी नगरपालिकाले बेनी अस्पताल परिसरमा निर्माणाधीन भवनमा २० शयूया क्षमताको आइसोलेशन निर्माण गरिरहेको छ।

यसअघि शैक्षिक तालिम केन्द्रको भवनमा सञ्चालित आइसोलेशनका सामग्रीको प्रयोग गरेर अस्पताल परिसरमा केही दिनमै आइसोलेशन सञ्चालन गर्न लागिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदीले बताउनुभयो । नगरपालिकाले बेनीको हिलसाइडस्थित माउन्ट एभरेष्ट आवासीय माविको पुरानो भवनमा प्रिआइसोलेशन सञ्चालन गरेको छ। धवलागिरि, मङ्गला र रघुगङ्गा गाउँपालिकाले यसअघि स्थापना गरिएको पाँच/पाँच शयूया क्षमताको कोरोना अस्पताललाई नै निरन्तरता दिएका छन् । धवलागिरिको ताकममा कोरोना अस्पताल र घट्टेखोलामा आइसोलेशन तयार छ। धवलागिरिले कोरोना अस्पतालका लागि नियुक्त गरेका चिकित्सक र नर्सको सेवा करार थपेर राखेको थियो।

मङ्गला गाउँपालिकाका स्वास्थ्य संयोजक लेखनाथ रोकाले अर्मन स्वास्थ्यचौकीमा स्थापना गरिएको पाँच शयूया क्षमताको कोरोना अस्पताल सङ्क्रमित देखिन थालेपछि पुनः सञ्चालन गरिएको बताउनुभयो । मङ्गलाको कोरोना अस्पतालमा हाल एक सङ्क्रमितलाई राखेर उपचार गरिएको छ। रघुगङ्गा गाउँपालिकाले पिप्लेमा स्थापना गरेको कोरोना अस्पताललाई निरन्तरता दिएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो । मालिका गाउँपालिकाले जनप्रिय माविको भवनमा गत कात्तिकमा स्थापना गरेको कोरोना अस्पताल र आइसोलेशन तीन महिनापछि हटाएको थियो।

मालिकाका अध्यक्ष श्रीप्रसाद रोकाले छ्यारछ्यारेको सभाहलमा २० शयूया क्षमताको आइसोलेशन निर्माण गरिएको जानकारी दिनुभयो । दरवाङ प्राथमिक केन्द्रका चिकित्सक र पूर्वाधारको प्रयोग गरेर कोरोना सङ्क्रमितको उपचार गरिने उहाँले बताउनुभयो। अन्नपूर्ण गाउँपालिकाले नारच्याङस्थित नेपाली सेनाले प्रयोग गरेर छाडेको भवनमा स्थापना गरेको कोरोना अस्पताल पुनःसञ्चालन गरेको छ । गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक समुन्द्र बरुवालले २० शयूयाको आइसोलेशन बनाइएको बताउनुभयो।

तत्काल मौजुदा स्वास्थ्यकर्मीबाट सञ्चालन गरिने कोरोना अस्पतालका लागि चिकित्सक र नर्स नियुक्त गर्न लागिएको उहाँले बताउनुभयो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको योजनाअनुसार पालिकास्तरमा स्थापना भएको कोरोना अस्पतालमा औषधि, अक्सिजन सिलिण्डर, शयूया विस्तारलगायतका स्वास्थ्य सामग्री व्यवस्थापन गरिएको छ।प्रत्येक पालिकालाई तीन महिनाका लागि एक चिकित्सक, दुई स्टाफ नर्स र एक कार्यालय सहयोगी नियुक्त गर्न मन्त्रालयले बजेट पठाएको थियो। कोरोना अस्पताल स्थापना र सञ्चालन गर्न मन्त्रालयले म्याग्दीका पाँचवटा स्थानीय तहलाई रु १०/१० लाख पठाएको थियो।

स्वास्थ्य कार्यालय म्याग्दीका अनुसार जिल्लामा हाल सक्रिय कोरोना सङ्क्रमितको सङ्ख्या १६० छ । कार्यालयका निमित्त प्रमुख एकनारायण लम्सालले करिब १५ दिनको अवधिमा करिब २०० सङ्क्रमित भएको बताउनुभयो । "जनस्वास्थ्य मापदण्ड पालना नगरी भएका भोजभतेर, मेलाजात्रा, पूजापाठ र घुमघामका कारण कोरोना सङ्क्रमण फैलिएको हो", उहाँले भन्नुभयो । हालसम्म जिल्लाभर ४७५ सङ्क्रमित भएका छन् । सात जनाको मृत्यु भएको छ । सङ्क्रमितमध्ये अधिकांश होम आइसोलेशनमा बसेका छन् । यसअघि सदरमुकाम बेनी बजारका सङ्क्रमित धेरै भएकामा अहिले ग्रामीण क्षेत्रका सङ्क्रमित बढी छन् । सिङ्गा, तातोपानी, दरवाङ, बाबियाचौर, कुहुँ, अर्मन, ताकम, लुलाङ, पिप्ले, भगवती, पोखरेबगर, घोडेपानी, भुरुङ-तातोपानीलगायत ग्रामीण क्षेत्रमा कोरोना सङ्क्रमण फैलिएको छ।

कोरोना सङ्क्रमण फैलिएसँगै बेनी नगरपालिका क्षेत्रमा बिहीबारदेखि वैशाख ३१ गतेसम्म निषेधाज्ञा भएको छ। धवलागिरि-७लाई वैशाख मसान्तसम्म सिल गरिएको छ । धवलागिरि-६ मराङलाई पनि शनिबारदेखि सिल गरिएको वडाध्यक्ष राजाराम सुवेदीले बताउनुभयो । धवलागिरि गाउँपालिका, वडा कार्यालय र सेवा केन्द्रको सेवा पनि अनिश्चितकालका लागि बन्द भएको छ । म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको जलजला गाउँपालिकाले पनि अत्यावश्यकबाहेकका सेवा बन्द गरेको छ।

# पर्वतको जलजलामा २० शैयाको कोरोना अस्पताल सञ्चालन

**पोखरापत्र संवाददाता**
**पर्वत, २६ बैशाख**

जिल्लाको जलजला गाउँपालिकाका २० शयूयाको कोरोना अस्पताल सञ्चालनमा आएको छ । जलजला-८ फर्सेमा अस्पताल सञ्चालनमा ल्याइएको हो । मध्यपहाडी लोकमार्गलाई जोड्ने बेनी-मालढुङ्गा सडकको नजिकै अस्पताल सञ्चालनमा ल्याइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार अस्पतालमा अहिले छ शयूयामा अक्सिजन जडान गरिएको छ भने बाँकी शयूयाका लागि पनि अक्सिजन व्यवस्थापनको तयारी भइरहेको छ । गाउँपालिकाले आफैँ अक्सिजन खरिद गरेर अस्पतालमा उपलब्ध गराएको छ । दोस्रो लहरको कोभिडबाट जलजलाभित्र तीन जनाको ज्यान गइसकेको छ भने केहीको अवस्था गम्भीर रहेको छ । पालिकामा दोस्रो लहरमा ४५ जनामा कोरोना सङ्क्रमण देखिएकामा सक्रिय सङ्क्रमित ३५ रहेको गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्लले बताउनुभयो।

तीमध्ये २९ जना होमआइसोलेशनमा रहेका छन् भने छ जना बाग्लुङ, पर्वत र म्याग्दीका अस्पतालमा उपचाररत छन् । जलजलाले निर्माण गरेको अस्पतालमा अहिले एक जना उपचाररत रहेको मल्लले जानकारी दिनुभयो । अब गम्भीर खालका बिरामीबाहेक अन्यलाई गाउँपालिकाकै अस्थायी अस्पतालमा राखेर उपचार गर्न सकिने मल्लको भनाइ छ।

अस्थायी अस्पतालमा गाउँपालिकाले नियुक्त गरेका एक चिकित्सक र अन्य स्थानीय स्वास्थ्यचौकीमा कार्यरत अनमी र नर्सलाई चौबीसै घण्टा परिचालन गरिने भएको छ। "हामीसँग पर्याप्त अक्सिजनको व्यवस्था छैन, विभिन्न निकायसँग माग गरेका छौँ, अक्सिजन पर्याप्त भए पनि अस्पतालमा जस्तोसुकै बिरामी पनि भर्ना गर्न सकिन्छ", मल्लले भन्नुभयो । सिफारिस गर्नुपर्ने बिरामीलाई पनि अक्सिजन सिलिण्डरसँगै सिफारिस गर्न सकिने गरी व्यवस्थापनमा जुटेको मल्लले बताउनुभयो।

गाउँपालिकाले यसअघि कोरोना सङ्क्रमित बिरामी बोक्नका लागि अध्यक्ष र उपाध्यक्षले प्रयोग गर्दै आएको सवारी साधनलाई एम्बुलेन्सका रूपमा सञ्चालनमा ल्याएको छ । गाउँपालिकाकै स्वामित्वमा रहेको एउटा एम्बुलेन्स पनि भएकाले बिरामीका लागि सवारी अभाव नहुने मल्लले बताउनुभयो । उपचारभन्दा पनि सचेतना महत्वपूर्ण रहेकाले अहिले सञ्चारमाध्यम तथा अन्य माइकिङ, पम्प्लेट, घरदैलोलगायतका सचेतनाका कार्यक्रमसमेत सञ्चालन गरिएको पालिकाले जनाएको छ।

यसै गरी जलजला गाउँपालिकाले कोरोना सङ्क्रमित बिरामी बोक्नका लागि अध्यक्ष र उपाध्यक्षले प्रयोग गर्दै आएको सवारी साधनलाई एम्बुलेन्सका रूपमा सञ्चालनमा ल्याएको छ। गाउँपालिकामा पछिल्लो समय कोरोना सङ्क्रमित बढ्दै जान थालेपछि अध्यक्ष र उपाध्यक्ष पैदल हिँडेर आफूले प्रयोग गर्ने सवारी बिरामीको प्रयोजनका लागि दिइएको हो । पालिकामा भएको एउटा मात्र एम्बुलेन्स पर्याप्त नभएको हुँदा आफू चढ्दै आएको गाडीलाई बिरामीको सेवामा लगाएको गाउँपालिकाका अध्यक्ष मल्लले बताउनुभयो।

अध्यक्ष मल्लले प्रयोग गर्ने बा२भ ४२२२ को स्कर्पियो र उपाध्यक्ष सीमा गर्बुजा पुनले प्रयोग गर्ने ग१भ ४२२ नंको बोलेरो गाडीलाई एम्बुलेन्सका रूपमा प्रयोग गरिएको अध्यक्ष मल्लले जानकारी दिनुभयो।

# कोरोना कहरकै बीचमा विकास निर्माण धमाधम

**– कृष्ण न्यौपाने**
**दमौली, २६ बैशाख**

तनहुँको शुक्लागण्डकी नगरपालिका-१२ फिरफिरेमा विकास निर्माणको कामलाई तीव्रता दिइएको छ । कोरोना कहरकै बीचमा पनि फिरफिरेमा विभिन्न योजना निर्माणले गति लिएको हो।

सङ्घ, प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन भई निर्माण शुरु गरिएका योजनालाई समयमै निर्माण सम्पन्न गर्न कामलाई अगाडि बढाइएको वडाध्यक्ष मनराज गुरुङले जानकारी दिनुभयो । "कोरोना कहर भए पनि विकास निर्माणलाई रोक्ने कुरा भएन, स्वास्थ्य मापदण्ड अपनाएर विकास निर्माणका कामलाई धमाधम अगाडि बढाएका छौँ", गुरुङले भन्नुभयो।

तीनै तहबाट बजेट विनियोजन भएर निर्माण शुरु भएका योजना जेठ मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । वडाध्यक्ष गुरुङका अनुसार वडाभित्र सञ्चालित योजनामध्ये ७० प्रतिशत योजना सम्पन्न भएर भुक्तानीसमेत प्रदान गरिसकिएको छ। "असारे विकास प्रतिस्थापन गर्नुपर्छ भन्ने उद्देश्यसहित समयमै काम सम्पन्न गर्ने लक्ष्यसहित अगाडि बढेका छौँ", गुरुङले भन्नुभयो, "चैतमा नै योजना निर्माण सम्पन्न गर्ने तयारी भए पनि विविध कारणले गर्न सकेनौँ।"

यहाँ सङ्घीय सरकार, प्रदेश सरकार र नगरपालिकाको गरी करीब रु पाँच करोड ५० लाखभन्दा बढीका योजना सञ्चालित छन् । सिँचाइ, पूर्वाधार, कृषिलगायत योजना चालु आर्थिक वर्षमा सञ्चालित छन् । असार महिनामा आएर काम गर्ने प्रचलन अझै पनि कायम रहेकाले त्यस्तो परम्परा तोड्ने अभियानमा आफूहरू रहेको गुरुङले जानकारी दिनुभयो।

यहाँ हाल दुलेगौडादेखि लामागाउँसम्म जोड्ने सडकमा नाली, तमु हिल पार्कमा पैदलमार्ग, घरबासको सामुदायिक भवन निर्माणलगायतका काम चलिरहेका छन् । दुलेगौडादेखि लामागाउँसम्म जोड्ने १७ किमी मोटरमार्गअन्तर्गत हाल नाली निर्माणको काम भइरहेको छ। चालु आवमा विनियोजित रु एक करोड ४० लाखको बजेटले बाटो ग्राभेल र तीन किलोमिटर नाली निर्माण हुनेछ । "बाटो चक्लाउने काम सकियो, अहिले नाली बन्दैछ", गुरुङले भन्नुभयो । वडाको गौरवको योजनाका रूपमा रहेको तमु हिल उद्यानमा पैदलमार्ग निर्माणको कामसमेत शुरु भएको छ । पैदलमार्गलगायत संरचना निर्माणका लागि चालु आर्थिक वर्षमा रु १७ लाख ५० हजार बजेट विनियोजन भएको छ।

गुरुङ समुदायको इतिहास, धर्म, संस्कृति, संस्कार र सामाजिक परिवेशको प्रतिबिम्ब झल्काउने गरी यहाँ तमु हिल उद्यान बनाउन लागिएको छ। यसका लागि छ जना स्थानीयवासीले दश रोपनी जग्गादान गर्नुभएको छ । उद्यान निर्माण सम्पन्न गर्न करीब रु पाँच करोड लाग्ने अनुमान छ। उद्यानलाई गुरुङ समुदायका युवापुस्ताले इतिहासबारे अध्ययन गर्ने थलो बनाउने योजना रहेको बताइएको छ । उद्यानको आकर्षणमा फलिना क्होइबो धि, गुरुङ जातिको पैतृक कार्यसँग जोडिएको क्होइबोमा १२ वटा वर्गचक्रको मूर्तिले घेरिएको हुनेछ । गुरुङ समुदायको परम्परागत घर निर्माण गरी जन्मदेखि मृत्युसम्मका कर्मकाण्ड झल्किने सामग्री प्रदर्शनमा राखिनेछ। यहाँबाट गुरुङ समुदायका बारेमा सोध अध्ययनमा सहयोग पुग्ने जनाइएको छ । उद्यानभित्र छुट्टै गोरखा राइफल्स र शान्तिपार्कको परिकल्पना गरिएको छ । बालउद्यान, वनभोजस्थल, 'भिआइपी' सवारी र आपत्कालीन उद्धारका लागि हेलिप्याड निर्माण गर्ने डिजाइनमा उल्लेख छ।

यस्तै प्रदेश सरकारको रु २० लाख बजेटमा घडेरी सामुदायिक घरबासको भवन निर्माण भइरहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत नै मिलेनियम गुफा जाने बाटोमा पहिरो नियन्त्रणका लागि जाली भर्ने काम भइरहेको छ। यसका लागि यहाँका २५ युवालाई रोजगारी दिइएको छ । उक्त कार्यक्रमका लागि रु पाँच लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

वडाध्यक्ष गुरुङका अनुसार नगरपालिका र स्थानीयवासीको लागत साझेदारीमा ढोर तालबैँशीमा सामुदायिक भवन निर्माण कार्य पनि जारी छ। यसका लागि नगरपालिकाले रु पाँच लाख बजेट विनियोजन गरेको छ भने स्थानीयवासीले रु पाँच लाखको साझेदारी गर्नेछन्।

# अक्सिजनसहितका अस्थायी अस्पताल बनाउँदै स्थानीय तह

**– तारानाथ आचार्य**
**बागलुङ, २६ बैशाख**

कोरोना सङ्क्रमण बढ्दै गएपछि बागलुङका स्थानीय तहले धमाधम अक्सिजनसहितका आइसोलेशन कक्ष र अस्थायी कोभिड अस्पताल तयार गर्न थालेका छन् । जिल्लामा दुई सयभन्दा धेरै सक्रिय सङ्क्रमित भएपछि स्थानीय तहले आफ्नो तयारी थालेका हुन्।

धौलागिरि अस्पताल बागलुङमा पर्याप्त शय्याको अभाव छ । बागलुङ नगरपालिका, ताराखोला गाउँपालिका, काठेखोला गाउँपालिका र जैमिनी नगरपालिकाले अस्थायी अस्पताल तथा आइसोलेशन कक्ष तयार गरेका हुन् । शुरुआतमा सुस्त देखिएका यहाँका स्थानीय तह सङ्क्रमितको सङ्ख्या बढ्ने र मृत्युसमेत बढेपछि धमाधम तयारीमा लागेका हुन्। बागलुङमा बिहीबार मात्रै दुई सङ्क्रमित र एक लक्षण मिल्ने बिरामीको मृत्यु भएको थियो । सदरमुकाम बागलुङ बजार रहेको बागलुङ नगरपालिकाले रातामाटास्थित पुरानो कार्यालय भवनमा ३५ शय्या क्षमताको अस्थायी कोभिड अस्पताल बनाएको छ। अस्थायी अस्पतालमा अक्सिजनसहित आइसोलेशन शय्या तयार गरिएका छन् । धौलागिरि अस्पतालमा २५ शय्या मात्रै रहेको र जटिल बिरामीलाई मात्र उपयुक्त भएकाले नगरपालिकाले आइसोलेशन थपेको नगर स्वास्थ्य शाखाका प्रमुख रामप्रसाद खनालले बताउनुभयो । ती शय्याका लागि अक्सिजनको व्यवस्था गरिएको उहाँले बताउनुभयो। लामो समयसम्म स्थानीय पालिकाले शय्या नबनाएको गुनासो आइरहेका बेला बागलुङ नगरपालिकाले काम थालेको हो । नगरप्रमुख जनकराज पौडेलले निर्माणाधीन शय्यामा स्वास्थ्यकर्मी र अन्य सुविधा थप गर्न गण्डकी प्रदेश सरकारमा अनुरोध गर्ने बताउनुभयो । स्थानीय स्रोतले भेटेसम्म काम गर्ने र नभएमा प्रदेश सरकारबाट पनि सहयोग जुटाउने पौडेलले जानकारी दिनुभयो । पौडेलका अनुसार नगर स्वास्थ्य शाखामा पनि स्वास्थ्यकर्मीको दरबन्दी अभाव छ । दरबन्दी थपेर भए पनि सेवा चुस्त बनाउने योजना बनाइएको हो।

नगर स्वास्थ्य प्रमुख खनालले भने बाहिरबाट आउनेका लागि होल्डिङ सेन्टर निर्माण शुरु गरिएको बताउनुभयो । बागलुङ-१ को रामरेखामा होल्डिङ सेन्टर राखेपछि शङ्कास्पद मानिसलाई सोझै घरघरमा जान नदिने योजना छ । सङ्क्रमणको दर तीव्र भएकाले उक्त योजनाले यसको नियन्त्रणमा साथ मिल्ने उहाँको भनाइ छ। शुरुआतमा सुस्त भए पनि बागलुङका अन्य पालिकाले पनि आइसोलेसन बढाउन थालेका छन्।

ताराखोला गाउँपालिकाले सङ्क्रमितको सङ्ख्या बढेपछि आइसोलेशन शय्या बढाउन शुरु गरेको छ । शुरुमा पाँच शय्याबाट थालेको अभियान १५ शय्या सङ्ख्या पुर्‍याउनेमा पुगेको हो । साँदीस्थित हिल स्वास्थ्य चौकीमा पहिलो चरणमा कोभिड अस्थायी अस्पतालका रूपमा चलेको थियो । उक्त स्थानमा आइसोलेशन राख्दै ताराखोला-२ स्थित अर्गलमा पनि आइसोलेशन बढाइएको गाउँपालिका अध्यक्ष प्रकाश घर्तीले बताउनुभयो। पालिकाले सबै वडामा रहेका स्वास्थ्य चौकीमा पनि अन्य उपचार नियमित गराउने योजना छ । हालै निर्माण भएको बहुउद्देश्यीय सभाहलमा कम्तीमा १५ जना बिरामी राख्न सक्ने शय्याको व्यवस्थापन गरिएको हो । एम्बुलेन्स चालक र अर्का एकजनामा सङ्क्रमण देखिएपछि साता दिनमै ताराखोलामा १० सक्रिय सङ्क्रमित पुगिसकेका छन् । तीमध्ये केही अहिले होम आइसोलेशनमा छन् । गाउँपालिकामा एक चिकित्सक र दुई नर्ससहित अन्य स्वास्थ्यकर्मीको दरबन्दी भएकाले तत्काल उपचारका लागि सम्भव हुने र सामान्य लक्षण भएकालाई गाउँमै उपचार गराउन पहल थालेको उहाँले जानकारी दिनुभयो। गाउँपालिकाले अक्सिजन सिलिन्डरसमेत खरीद गरेर ल्याएको उहाँले जानकारी दिनुभयो । "जटिल समस्या भएका र निरन्तर ज्वरो आएका बिरामी भएमा बागलुङ पठाउने, नत्र गाउँमै उपचार गराउने योजना छ", उहाँले भन्नुभयो, "तत्कालका लागि रु सात लाख रकमान्तर गरेर स्वास्थ्य सामग्री खरीद भइसकेको छ।" अन्य शीर्षकमा खर्च नभएको बजेट यता खर्चने योजना पनि उहाँले सुनाउनुभयो। भारतबाट आउनेको निगरानी भइरहे पनि सङ्क्रमण बढिरहेको स्वास्थ्यकर्मी नितु खड्काले बताउनुभयो । खड्काले सामाजिक सञ्जालमार्फत पनि कोरोना भएका बिरामीको उपचारमा घर र अस्पतालमा पनि खटिने जानकारी गराउनुभयो। कोभिड अस्पतालका लागि चाहिने स्वास्थ्य सामग्री खरीद गरेर पालिकामा पुर्‍याइसकिएको छ। सामान्य लक्षण देखिएका बिरामीलाई गाउँमै उपचार गरेर निको बनाउने लक्ष्य उनीहरूले राखेका छन् । ताराखोलामा सङ्क्रमणमा परेकामध्ये चितवन र अन्य तराईका जिल्लाबाट फर्केका बढी छन् । उनीहरूबाट समुदायमा पनि सङ्क्रमण फैलिएको भेटिएको हो । जैमिनी नगरपालिकाले कुश्मीशेरा प्राथमिक स्वास्थ्य केन्द्रलाई नै कोभिड अस्थायी अस्पतालका रूपमा विकास गरेको छ। स्वास्थ्य केन्द्रमा रहेका शय्यालाई कोरोना सङ्क्रमित बिरामीको उपचारमा प्रयोग गरिने स्वास्थ्य शाखाप्रमुख गोविन्द आचार्यले बताउनुभयो।

काठेखोला गाउँपालिकाले स्वास्थ्य शाखाप्रमुख रामचन्द्र लामाको नेतृत्वमा आइसोलेशन कक्षको जिम्मेवारी स्वास्थ्यकर्मीलाई दिएको छ। यहाँको एक प्राथमिक विद्यालयमा निर्मित अस्थायी कोभिड अस्पतालमा दश शय्या निर्माण गरिएको लामाले बताउनुभयो । "हामीले विज्ञापन गरेर माग्दा पनि चिकित्सक पाएनौँ, उपलब्ध जनशक्तिबाट नै आइसोलेशन चल्ने छ", उहाँले भन्नुभयो, "अक्सिजन उपलब्ध गराउन भने कठिन छ, अस्पतालसँग सहकार्य गर्छौं।" दोस्रो लहरका बिरामीमा अक्सिजनको कमी हुने समस्या धेरै आएको धौलागिरि अस्पतालका डा शैलेन्द्र विक पोखरेलले बताउनुभयो । अक्सिजनको समस्या भएका बिरामी बढेकाले स्थानीय तहले निर्माण गर्ने अस्पताल र आइसोलेशन कक्षमा अक्सिजन जडान महत्वपूर्ण विषय बन्ने गरेको छ।

# पर्वतको जलजलामा २० शैयाको कोरोना अस्पताल सञ्चालन

**पोखरापत्र संवाददाता**
**पर्वत, २६ बैशाख**

जिल्लाको जलजला गाउँपालिकाका २० शयूयाको कोरोना अस्पताल सञ्चालनमा आएको छ । जलजला-८ फर्सेमा अस्पताल सञ्चालनमा ल्याइएको हो । मध्यपहाडी लोकमार्गलाई जोड्ने बेनी-मालढुङ्गा सडकको नजिकै अस्पताल सञ्चालनमा ल्याइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार अस्पतालमा अहिले छ शयूयामा अक्सिजन जडान गरिएको छ भने बाँकी शयूयाका लागि पनि अक्सिजन व्यवस्थापनको तयारी भइरहेको छ । गाउँपालिकाले आफैँ अक्सिजन खरिद गरेर अस्पतालमा उपलब्ध गराएको छ । दोस्रो लहरको कोभिडबाट जलजलाभित्र तीन जनाको ज्यान गइसकेको छ भने केहीको अवस्था गम्भीर रहेको छ। पालिकामा दोस्रो लहरमा ४५ जनामा कोरोना सङ्क्रमण देखिएकामा सक्रिय सङ्क्रमित ३५ रहेको गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्लले बताउनुभयो।

तीमध्ये २९ जना होमआइसोलेशनमा रहेका छन् भने छ जना बाग्लुङ, पर्वत र म्याग्दीका अस्पतालमा उपचाररत छन् । जलजलाले निर्माण गरेको अस्पतालमा अहिले एक जना उपचाररत रहेको मल्लले जानकारी दिनुभयो।

# नेपाल सुपर लिग : काठमाडौँ शीर्ष स्थानमा रहँदै प्ले अफमा

**रासस**
**काठमाडौं, २६ बैशाख**

नेपाल सुपर लिगअन्तर्गत आइतबार भएको अन्तिम खेलमा काठमाडौँ रेजर्सले एफसी चितवनलाई २-१ गोलअन्तरले पराजित गरेको छ । कुल ६ खेलबाट १३ अंक जोडेको काठमाडौँ लिगको शीर्ष स्थानमा रहँदै प्ले अफमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा काठमाडौँका लागि विदेशी मेसोउके ओलोमोऊ र संजोग राईले एकएक गोल गर्नुभयो । चितवनका लागि सान्त्वना गोल राजीव लोप्चनले गर्नुभयो । खेलको १७ औँ मिनेटमा काठमाडौँका ओलोमोउले गोल गर्नुभएको हो। यस्तै खेलको ३४ औँ मिनेटमा राईले काठमाडौँका लागि दोस्रो गोल गर्नुभयो।

यसैगरी चितवनका लागि खेलको ४०औँ मिनेटमा लोप्चनले गोल गर्नुभएको हो । खेलको ४४ औँ मिनेटमा काठमाडौँका विश्वास श्रेष्ठले हानेको बल गोलपोष्टबाट बाहिरियो । यस्तै खेलको ८१ औँ मिनेटमा काठमाडौँका प्रिजेन तामाङ गोल गर्नबाट चुक्नुभयो।

चितवनले लिगका कुनै पनि खेल जित्न सकेन। चितवनले ६ खेलमा चारमा हार तथा दुई खेलमा बराबरी खेल्यो। काठमाडौँले अब फाइनल प्रवेशका लागि मंगलबार धनगढी एफसीसँग प्लेअफमा खेल्नेछ।